# गन्यापधुरा गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः ०९ संख्याः०२ मिति २०८२।०३।२२

## भाग - १

गन्यापधुरा गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

गणेशपुर, डडेल्धुरा

सुदूरपश्चिम प्रदेश, नेपाल

**गाउँ कार्यपालिकाको कार्यालयको आर्थिक वर्ष २०८२।०८३ को वार्षिक बजेट तथा कार्यक्रमको स्वीकृति पश्चात उक्त बजेट तथा कार्यक्रमलाई सञ्चित कोषबाट खर्च गर्नका लागि तयार पारिएको विनियोजन ऐन, २०८२ प्रकाशन भएको सूचना गरिन्छ ।**

## गन्यापधुरा गाउँपालिकाको विनियोजन ऐन, २०८२

**गाउँसभाबाट स्वीकृत मितिः २०८१।०३।१२**

**प्रस्तावनाः** गन्यापधुरा गाउँपालिकाको आर्थिक वर्ष २०८२।०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम गन्यापधुरा गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " **विनियोजन ऐन,२०८२** " रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०८२।०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०८२।०८३ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. **४७,४८,८६,५००। (अक्षेरेपी सत्चालिस  करोड अठ्चालिस लाख पैसठ्ठी हजार पाँच सय रुपैया मात्र**)मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२।०८३ को निमित्त गन्यापधुरा गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत सावाँ भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर, चालु तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृत लिनु पर्नेछ।

अनुसूची – १

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

**सञ्चित कोषबाट विनियोजन हुने रकम**

| क्र.स. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूंजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | २६०१६२८६२ | १६७८५०००० | ० | |
| २ | | वडा समिति | ३४६०००० | ९४९०००० | ० | |
| ३ | | विषयगत शाखा | १०००००००० | २३९०२६३८ | ० | |
| ४ | | ऋणको साँवा व्याज भुक्तानी | ० | ० | ० | |
| ५ | | लगानी ( शेयर/ ऋण ) | ० | ० | ० | |

**आज्ञाले**

**दिलिप कुमार तामाङ**

**प्रमुख प्रशासकीय अधिकृत**